म.जि. प्र. का. द.नं. : १०६/०६८, | वर्ष १४ | अंक १९३ | शनिबार, १० फागुन २०८१ | ने. सं. ११४५ सिल्लागा | 22 February 2025 | www.sajhakuranews.com | पृष्ठ संख्या ४ | मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## चोरी गरी ल्याइएका ३ लाखको सामान बरामद

हेटौंडा, ९ फागुन/अवैधरुपमा चोरीपैठारी गरी ल्याइएका ३ लाख रुपैयाँ मूल्य बराबरको बेवारिसे सामान मकवानपुर प्रहरीले बरामद गरी राजश्व अनुसन्धान कार्यालय पथलैया पठाएको छ । गत फागुन ३ गते हेटौंडा उपमहानगरपीलका-१५ रातोमाटे चेकपोष्ट सडकखण्डमा सवारी चेकजाँच गर्ने क्रममा बरामद गरिएका सामान आवश्यक कार्वाहीका लीग शुक्रबार राजश्व अनुसन्धान कार्यालय पठाइएको मकवानपुरका प्रहरीप्रमुख प्रहरीउपरीक्षक विश्वराज खड्काले जानकारी दिए । प्रहरीले १ लाख १५ हजार मूल्य बराबरको रेडिमेड तयारी कुर्था ५ सय ७५ थान, ब्लाउज सहितको साडी ४३ थान, लेहेङगाको कपडा ५ थान, सिल्क साडी, सुर्ती ९० प्याकेट, विभिन्न चकलेट २ सय १० प्याकेट, जुत्ता, लेडिज चप्पल लगायत १६ प्रकारका सामग्री बरामद गरेको छ । ती सामानको मूल्य ३ लाख ६ हजार रुपैयाँ रहेको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ ।

### दीपक सिंहलाई कमल थापाको आग्रह:

## पार्टी एकता गरौं, मकवानपुरमा चुनाव तपाईं लड्नुस्

साझाकुरा संवाददाता

हेटौंडा, ९ फागुन/राप्रपा नेपालका अध्यक्ष कमल थापाले राजा र जनताको बीचमा साझेदारी आजको आवश्यकता भएको बताएका छन् ।

फागुन ७ गते पूर्वराजा ज्ञानेन्द्र शाहले गरेको राष्ट्रिय मेलमिलापको प्रस्तावलाई सकारात्मक ढंगले ग्रहण गर्न उनले एमाले, कांग्रेस, माओवादीलगायत दललाई आग्रह गरेका छन् । शुक्रबार हेटौंडामा भएको राप्रपा नेपालको अगुवा कार्यकर्ता भेलालाई सम्बोधन गर्दै अध्यक्ष थापाले पूर्वराजा शाहको सन्देश कुनै पार्टी र सरकारको विरुद्धमा नभएको बताएका छन् ।

मुलुकले भोग्नुपरेको संकटको मुक्तिको निम्ति र प्रजातन्त्रलाई बलियो बनाउनेतर्फ सोच्न पूर्वराजाले आग्रह गरेको अध्यक्ष थापाको भनाई छ । सम्पूर्ण दोष राजालाई देखाएर आफ्नो गल्ती ढाकछोप नगर्न पनि अध्यक्ष थापाले राजनीतिक दलहरुलाई चेतावनी दिएका छन् । अध्यक्ष थापाले पूर्वराजाको एउटै आह्वानमा नेपाली जनता सडकमा उत्रिन सक्ने समेत जिकिर गरे । 'आवश्यक पर्‍यो भने राजाको एउटै आह्वान लाखौं नेपाली जनता सडकमा उत्रन तयार भएर बसेका छन्' थापाले भने ।




जनता फेरि पनि सडकमा आए गणतन्त्र नै असफल हुने र जनताको आक्रोशको शिकार दलहरु हुने समेत अध्यक्ष थापाले चेतावनी दिए । अध्यक्ष थापाले महाधिवेशनको म्याडेण्ट विपरीत राप्रपा सरकारमा गएको आरोप समेत लगाए । 'राजसंस्था पुनस्थापित गर्छु भन्नेहरु नै गणतन्त्रका संवाहक प्रचण्ड नेतृत्वको सरकार उनीहरु सामेल भए' उनले भने ।

अध्यक्ष थापाले आफू पार्टी एकताको पक्षमा भएको समेत दाबी गरे तर, राजेन्द्र लिङ्देन र दीपकबहादुर सिंहले अपमानजनक ढंगले हेटौंडामा केही समयअघि एकताको विरुद्धमा अभिव्यक्ति दिएको उनले बताएका छन् । 'पार्टी एकता गरौं, भोलि मकवानपुरमा दीपक सिंह नै चुनाव उठे हुन्छ, मलाई अब चुनावमा उठ्नु छैन' थापाले भने । राजसंस्था र हिन्दुराष्ट्र स्थापना नभएसम्म सरकारमा नजाने प्रतिबद्धता गर्न समेत अध्यक्ष थापाले लिङ्देन र सिंहलाई आग्रह गरे ।

अध्यक्ष थापाले सबै हिन्दुवादी, राष्ट्रवादी दलहरु मिलेर पूर्वराजाको आह्वानलाई साकारा पार्नुपर्नेमा समेत जोड दिएका छन् । अध्यक्ष थापाले आगामी चुनावमा जनताले गणतन्त्रवादी कुनै पनि दललाई भोट नहाल्ने टिप्पणी गरे । अहिलेको प्रणालीले मुलुकको हित र रक्षा हुन नसक्ने भन्दै थापाले हिन्दु राष्ट्र र संवैधानिक राजसंस्था पुनर्स्थापना हुने समय आइसकेको दाबी गरे । विदेशीशक्तिको प्रभाव देशमा परेकाले आफूहरु विस्थापित हुनुपरेको भन्दै उनले अब राप्रपाको एकता जरुरी भएको बताए ।

'मलाई अब कुनैपनि पद चाहिएको छैन, पार्टी एक भएर राष्ट्र केन्द्रित गराउन सके पुग्छ' थापाले भने । आफूले अब निर्वाचनमा भाग नलिने घोषणा गरिसकेको भन्दै उनले पार्टीलाई एकढिक्का गराएर राष्ट्रवादी, देशभक्त र प्रजातन्त्रवादी शक्तिबीच एकता अहिलेको आवश्यकता रहेको बताए । 'जे भयो भयो, अब हामी झगडा गरेर रिसाएर होइन हामीले सत्ता केन्द्रित नभई राष्ट्रकेन्द्रित भएर हामी एक हुनुपर्छ' उनले भने । 'चुनाव जित्नु र हार्नु आफ्नो ठाउँमा छ तर, मकवानपुरको लागि धेरै विकासका काम गरेको' भन्दै राजनीतिक यात्रामा भएका उतार चढावलाई आफूले सिकाइको रुपमा लिएको बताए ।

सत्ता र सडकमा हिंड्दै गर्दा स्वाभिमानी र निष्ठावान भएर काम गरेको भन्दै थापाले साढे चार दशकसम्म आफूले परिकल्पना गरेको विचार र बाटो यथार्थ बन्दै आएको बताए । कार्यक्रममा पार्टीका जिल्ला अध्यक्ष गुरुप्रसाद सापकोटा, राप्रपा नेपालका महामन्त्री राजाराम बर्तौला लगायत नेता कार्यकर्ताले बर्तमान राजनीतिक परिदृष्यका बारेमा बोलेका थिए ।

### २ कर्मचारीको पनि बढुवा तथा पदस्थापन

## लदी पर्वको अवसरमा माझी समुदायलाई सार्वजनिक बिदा



साझाकुरा संवाददाता

हेटौंडा, ९ फागुन/लदी पर्वको अवसरमा बागमती प्रदेश सरकारले माझी समुदायलाई सार्वजनिक बिदा दिने भएको छ । शुक्रबार बसेको मन्त्रिपरिषद् बैठकले फागुन २० गते मनाइने लदी पर्वमा माझी समुदायको लागि मात्र सार्वजनिक बिदा दिने निर्णय गरेको हो ।

गत माघ २४ गते नेपाल माझी उत्थान संघले मुख्यमन्त्री बहादुरसिंह लामालाई ज्ञापनपत्र बुझाउँदै लदी पर्वमा सार्वजनिक बिदा दिन माग गरेको थियो । त्यसैगरी प्रदेश सरकारले २ कर्मचारीको बढुवा तथा पदस्थापन गर्ने निर्णय गरेको छ । संघीय सरकारबाट सरुवा भईआएका सहसचिव उदय रानामगरलाई युवा तथा खेलकुद मन्त्रालयको सचिव पदमा काम काजका लागि खटाउने निर्णय गरेको सरकारका प्रवक्ता एवम् आन्तरिक मामिला तथा कानुन मन्त्री सुरजचन्द्र लामिछानेले जानकारी दिए ।

प्रदेशका सिनियर डिभिजनल इन्जिनियर नवीन सिंहलाई ११ औं तह (सचिव)मा पढुवा गर्ने निर्णय समेत बैठकले गरेको हो । प्रवक्ता लामिछानेका अनुसार पूर्वाधार विकास कार्यालय ललितपुरमा कार्यरत उपसचिवस्तरका सिनियर डिभिजन इन्जिनियर सिंहलाई कार्यसम्पादन तथा योग्याताको आधारमा ११ औं तहमा बढुवा गर्ने निर्णय भएको हो । बैठकले मण्डन देउपुर नगरपालिका र जापानको फुजीनोमिरा सहरबीच भगिनी सम्बन्ध स्थापनाको लागि सहमति सहित संघीय सरकारमा सिफारिस गर्ने निर्णय गरेको छ ।

बैठकले प्रदेश चलचित्र सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक संसदमा दर्ता गराउने निर्णय गरेको प्रवक्ता लामिछानेले बताए । उद्योग वाणिज्य तथा प्रशासन मन्त्रालयको प्रविधि हस्तान्तरण कार्यविधि र तालिम संचालनसम्बन्धी कार्यविधि २०८१ लाई बैठकले स्वीकृत गरेको छ । त्यस्तै वन डढेलो सम्बन्धमा अट्रेलियामा अध्ययन तथा अनुगमनका लागि प्रदेशको वन तथा वातावरण मन्त्रालयका सचिव केशव बरालको भ्रमण आदेश स्वीकृति दिने निर्णय गरेको छ ।

सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित

☞कार वास भित्र/बाहिर
☞वायरिङ मर्मत
☞मेशिनद्वारा A/C मर्मत तथा ग्याँस रिफिलिङ
☞सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
☞डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
☞टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
☞हेटौंडामै पहिलो पटक $N_2$ (Nitrogen) हावा टायरमा भरिने
☞इन्जिनसम्बन्धी सबै काम

Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल,
सम्पर्क नं.: ०५७-५९०३३३

## ५ किलो लागुऔषध गाँजासहित १ जना पक्राउ



साझाकुरा संवाददाता

हेटौंडा, ९ फागुन/मकवानपुर प्रहरीले ५ किलो १० ग्राम लागुऔषध गाँजासहित १ जनालाई पक्राउ गरेको छ । पक्राउ पर्नेमा पर्सा जिल्लाका जगरनाथपुर गाउँपालिका-४ हरपुर बस्ने वर्ष ३३ को राजकपुर महतो रहेको जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रहरी नायवउपरीक्षक श्यामु अर्यालले जानकारी दिए ।

मनहरीबाट खटिएको प्रहरीटोलीले मनहरी गाउँपालिका-८ स्थित मनहरी खोलाबगरको कच्ची सडकखण्डमा शंकास्पदरुपमा हिँडिरहेको अवस्थामा महतोको साथबाट यो परिमाणाको गाँजा बरामद गरेको प्रहरीले जनाएको छ । महतोलाई खानतलासी गर्ने क्रममा निजले पछाडि भिर्ने झोलाभित्र लुकाईछिपाई ल्याएको अवस्थामा ५ किलो १० ग्राम औषध गाँजा फेला परेको र लागुऔषध गाँजा बरामद गरी निजलाई नियन्त्रणमा लिएको प्रहरी नायवउपरीक्षक अर्यालले जानकारी दिए । जिल्ला अदालत मकवानपुरबाट ५ दिन म्यादथप अनुमति लिई अनुसन्धानकार्य भइरहेको प्रहरीले जनाएको छ ।

## चर्च ब्वाइज बागमती गोल्डकपको फाइनलमा

साझाकुरा संवाददाता

हेटौंडा, ९ फागुन/चर्च ब्वाइज युनाइटेड सातौं संस्करणको बागमती गोल्डकप राष्ट्रिय फुटबल प्रतियोगिताको फाइनलमा प्रवेश गरेको छ ।

शुक्रबार बागमती-४ स्थित सहिदस्मृति रंगशालामा भएको पहिलो सेमिफाइनल खेलमा विभागीय टोली सशस्त्र प्रहरी बलको एपीएफलाई ३-२ गोलले हराउँदै चर्च ब्वाईज फाइनलमा प्रवेश गरेको हो । चर्च ब्वाइजको जीतमा विदेशी खेलाडी आर्मण्डले खेलको दोस्रो हाफको २८ औं र ३२ औं मिनेटमा गोल गरे भने सुमित श्रेष्ठले खेलको ८५ औं मिनेट गोल गरेका थिए ।

एपीएफका लागि बुद्धिमान राइले खेलको पहिलो हाफको ३६ औं मिनेटमा र हरि कार्की दोस्रो हाफको ४३ औं मिनेटमा गोल गरेका थिए । खेलको म्यान अफ द म्याच आर्मण्ड घोषित भए । उनले १० हजार रुपैयाँ प्राप्त गरे । प्रतियोगितामा एपीएफले संकटालाई र चर्च ब्वाइजले विभागीय टोली त्रिभुवन आर्मीलाई हराउँदै सेमिफाइनलमा प्रवेश गरेको थियो ।



एपीएफ गत संस्करणको उपविजेता टोली हो भने चर्च ब्वाइज प्रतियोगितामा नयाँ टोली हो । गत संस्करणमा एपीएफ मछिन्द्रसँग पराजित हुँदै उपविजेता बनेको थियो । प्रतियोगिताको दोस्रो सेमिफाइनल खेल शनिबार मछिन्द्र फुटबल क्लब र थ्रीस्टारबीच हुनेछ । सोमबार हुने फाइनल प्रतियोगिताको उपाधि विजेताले १० लाख र उपविजेताले ५ लाख प्राप्त गर्नेछन् । यस्तै प्रतियोगिताको सर्वोत्कृट खेलाडीलाई १ लाख १ हजार तथा विधागत उत्कृष्ट खेलाडीलाई जनही २५-२५ हजार रुपैयाँ प्रदान गरिने जनाइएको छ ।

हेटौंडा आईडल

शिवम् सिमेन्ट
असली OPC सिमेन्ट
SINCE 2003
स्ट्रेञ्ज पार्टनर: शिवम् सिमेन्ट
"Quality सँगै समयमै Delivery को मामलामा पनि No Compromise"
शोभायात्रा:
मिति :२०८१ फागुन ६ गते
समय: बिहान १०:३० बजे


CONSTRUCTION EXPO-2
दोस्रो राष्ट्रिय निर्माण तथा ब्यापार महोत्सव-२०८१
फागुन २०८१ फागुन ६ गतेदेखि १८ गतेसम्म
स्थान : हेटौंडा-१०, टिसिएन चौर ।
आयोजक : निर्माण व्यवसायी संघ, मकवानपुर । सम्पर्क: ०५७-५२०८१६

महोत्सवका आकर्षणहरू
☞निर्माण उपकरण तथा सामग्रीहरुको प्रदर्शनी एवम् बिक्री ।
☞बहुराष्ट्रिय कम्पनीहरुको उत्पादनको प्रदर्शनी एवम् बिक्री ।
☞सूचना प्रविधि प्रदर्शनी ।
☞कृषि उत्पादनको प्रदर्शनी तथा कृषि प्रतियोगिता ।
☞दैनिक राष्ट्रिय/स्थानीय कलाकारहरुको प्रश्तुती ।
☞शैक्षिक, घरजग्गा, अटो तथा खाना महोत्वस ।
☞मनोरञ्जनात्मक बाल उद्यान ।
☞नविनतम उपकरणहरुको प्रदर्शनी ।
☞ नयां/नौलो प्रविधिको प्रदर्शनी ।

यस पृष्ठमा प्रकाशित साहित्य बाहेकका सामग्रीहरु विभिन्न वेभसाइट, सामाजिक सञ्जाल तथा एजेन्सीहरुबाट साभार गरिएका हुन् ।

facebook twitter Google **विज्ञान/प्रविधि**

# मस्कले सार्वजनिक गरे ‘विश्वकै शक्तिशाली’ एआई




एलन मस्कले आफ्नो नयाँ एआई बट लन्च गरेका छन् । Grok ३ नामक उक्त एआईलाई विश्वकै सबैभन्दा शक्तिशाली तथा स्मार्ट आर्टिफिसियल इन्टेलिजेन्स टूल दाबी गरिएको छ ।

एलन मस्कको एआई कम्पनी एक्स एआईका अनुसार ग्रोक थ्रीबाट कोडिंगदेखि लाइभ गेमसम्म बनाउन सकिन्छ । छिटै नै ग्रोक थ्रीको एपीआई भर्सन पनि लन्च गरिनेछ, जसलाई कम्पनीहरुले प्रयोग गर्न सक्नेछन् । ग्रोक थ्री एआई मोडेल प्रिमियम प्रयोगकर्ताका लागि जारी गरिएको हो ।

मस्कका अनुसार यो एआई मोडेललाई दुई लाख जिपियुको सहयोगमा तालिमप्राप्त बनाइएको छ । मस्कले केही दिनअघि सोसल मिडिया प्लाटफर्म एक्समा यो एआईको टिजर सार्वजनिक गरेका थिए । उनका अनुसार यो विश्वको सबैभन्दा स्मार्ट एआई हुनेछ ।

वास्तवमा एआईको क्षेत्रमा प्रतिस्पर्धा तीव्र बनेको छ । खासगरी चिनियाँ एआई आएसँगै त्यसले अमेरिकी कम्पनीका एआईलाई कडा टक्कर दिइरहेका छन् ।

**नयाँ एआईमा के छ खास ?**

एलन मस्क तथा साम अल्टम्यानको बीचमा बढ्दो प्रतिस्पर्धालाई ध्यानमा राख्दा ग्रोक थ्री ले ठूलो अर्थ राख्दछ । मस्कले हालै साम अल्टम्यान तथा ओपन एआईको बोर्डसमक्ष ओपन एआई कम्पनीलाई ९७.४ अर्ब डलरमा बेच्न प्रस्ताव गरेका थिए । यद्यपि साम र ओपन एआई बोर्डले उक्त प्रस्ताव अस्वीकार गऱ्यो । सो घटनाको केवल एक हप्तामै मस्कले आफ्नो कम्पनीको एआईको अत्याधुनिक मोडेल सार्वजनिक गरेका हुन् ।

अर्को महत्वपूर्ण त के भने नयाँ एआई लन्च गर्ने क्रममा मस्कले ओपन एआईको ४य लाई सबैभन्दा कमजोर एआईको रुपमा देखाए । उनले म्याथ, तार्किकता तथा विज्ञान लगायतका सबै विधामा ग्रोक थ्रीको तुलनमा जिपिटी फोर ओलाई कमजोर रुपमा प्रस्तुत गरे । मस्क तथा उनको टिमको दाबी के छ भने ग्रोक थ्रीमा अत्याधुनिक तार्किक क्षमता छ र यो समयक्रममा अझै समृद्ध बन्नेछ ।

लाइभ डेमोका क्रममा ग्रोक थ्री को मद्दतले मस्कको टिमले एउटा गेम पनि तयार गरेको थियो । यद्यपि यो एउटा आधारभूत गेम थियो । योसँगै मस्कले एआई गेम डेभलपर्सको पनि घोषणा गरेका छन् । कम्पनीले आगामी दिनमा एआई गेम स्टुडियो लन्च गर्नेछ ।

स्मरण रहोस् ग्रोक थ्री को तार्कित मोडेल अहिले बिटा भर्सनमा रहेको छ । साथै कम्पनीले एउटा मिनी भर्सनको पनि घोषणा गरेको छ । उक्त बिटा भर्सनलाई एक्सको प्रिमियम प्लानसँगै प्रयोग गर्न सकिन्छ । त्यसका लागि एक्स एप अपडेट गर्नुपर्ने हुन्छ । यसका अलावा कम्पनीले एउटा छुट्टै सब्सक्रिप्सन योजना पनि लन्च गर्नेछ, जसको नाम सुपर ग्रोक हुनेछ । उक्त सब्सक्रिप्सन ग्रोक एप र ग्रोक डटकम दुवैमा हुनेछ ।

**स्वास्थ्य शिक्षा**

# यौन शिक्षा भनेको यौन क्रियाकलाप होइन : मनोविद् करुणा कुँवर



काठमाडौं/हिजोआज शहरी भेगका मात्रै होइन ग्रामीण भेगका बालबालिका समेत इन्टरनेटको सोझो पहुँचमा छन् । भिडियो गेमको लत होस् या त अनलाइन अध्ययनको कारणले बालबालिकाहरुमा इन्टरनेटको पहुँच बढाएको छ । इन्टरनेटको असीमित पहुँचले जति सकारात्मक ज्ञानको पहुँच बढाएको छ, त्यति नै असर पनि पुऱ्याएको मनोविद्हरु बताउँछन् ।

बालबच्चाहरूले इन्टरनेटमा यौनजन्य सामग्रीको धेरै खोजी गर्ने चलन बढेको विभिन्न अध्ययनहरुले देखाएको छ । यसले बालबालिकाको मस्तिष्कमा गम्भीर असर पर्ने गरेको मनोविद्हरु बताउँछन् । मनोविद् करुणा कुँवरलाई हामीले यौनजन्य सामग्रीमा बालबालिकाको सोझो पहुँच हुँदा यसले समाजमा कस्तो असर गर्ने गर्छ ? भनेर सोधेका थियौं ।

**अहिलेका बालबच्चामा इन्टरनेट लगायतका माध्यममा यौनजन्य सामग्रीको सोझो पहुँच पुगेको छ । यसले उनीहरुमा कस्तो प्रभाव पारेको होला ?**

यो सरसर्ती हेर्दा सामान्य देखिएपनि जटिल विषय हो । इन्टरनेट आफैंले कहिल्यै पनि नराम्रो गर्दैन । तर विभिन्न कारणले इन्टरनेटमा खोजिने अनावश्यक विषयले बच्चाको मस्तिष्कमा नकारात्मक असर पुऱ्याउने गर्छ । यसले बालबच्चालाई मात्रै नभएर सिंगो समाजलाई नै गम्भीर असर गर्ने गरेको छ ।

इन्टरनेटको प्रयोग ज्ञान प्राप्तिको लागि गर्दासम्म ठीक छ, मनोरञ्जनको लागि प्रयोग गर्दासम्म पनि ठीक छ । तर यसबाट बाहिर गएर जब बच्चाहरु यौनजन्य सामग्रीको खोजीमा लाग्छन्, त्यसपछि यो उनीहरुका लागि हानिकारक बन्न पुग्छ । इन्टरनेटको दुर्व्यसनीमा लागेका बच्चाको दिमागमा कोकिनले जस्तै असर गर्ने गरेको भेटिएको छ ।

यस्तो दुर्व्यसनीमा लागेकाहरु एकअर्काप्रति बढी आक्रामक देखिने गर्छन् । त्यसैले इन्टरनेट त्यतिबेलासम्म प्रयोग गर्नु राम्रो हुन्छ, जतिबेलासम्म त्यो हाम्रो लागि सहयोगी बन्छ । यस्तो दुर्व्यसनीले बच्चाहरुमा शारीरिक रुपमा चाहिनेभन्दा धेरै तौल बढ्ने, भावनात्मक रुपमा कमजोर हुने जस्ता समस्याहरु निम्तिने गर्छ ।

**उनीहरुले यस्ता माध्यमबाट यौनसम्बन्धी जानकारी लिने वा यौन आशक्ति बढ्ने गरेको त छैन ?**

यसबारेमा व्यवस्थित अध्ययन त भएको छैन । हरेक व्यक्तिका इच्छा फरक हुन्छन् । कोहीको इच्छा नयाँ कुरा खोज्नेमा हुन्छ, त कसैको यौन सम्बन्धी जानकारी खोज्ने बानी हुन्छ । यस्ता सामग्रीमा चासो बढ्दै जाँदा यसले दुर्व्यसनी पनि निम्त्याउँछ । त्यो खराब बानीले मान्छेमा आशक्ति बढाउँदै लैजान्छ । एकातिर खानपान र जलवायु परिवर्तनका कारण बच्चाहरुमा चाँडै यौन परिपक्वता बढिरहेको छ । अर्कोतिर उनीहरू सोझै यौनजन्य सामग्रीको पहुँचमा छन् । यसले उनीहरुमा यौन विकृतिको जोखिम कति बढाउला ?

यसमा जलवायु परिवर्तनको असर कति छ भन्ने त म भन्न सक्दिन । तर, प्राकृतिक रूपमा समयसँगै मान्छे परिपक्व हुँदै जानु स्वभाविक कुरा हो । आधुनिक प्रविधिको कारणले मान्छेमा नयाँ विधि, शैली र ढाँचाको विकास हुन्छ । यसले राम्रो मात्रै गर्दैन, विकृति पनि निम्त्याउँछ । जसको असर साइबर बुलिङ, यौन हिंसाजस्ता घटनाहरुबाट देख्ने गरिन्छ ।

**अहिलेको अवस्थामा बालबच्चालाई यौन शिक्षाको आवश्यकता कति छ ?**

अहिलेको समयमा बालबालिकामा यौन शिक्षाको आवश्यकता बढ्दै गएको छ । यौन शिक्षा भन्नेबित्तिकै यौन जीवन कस्तो हुनुपर्छ ? मान्छे यौनको लागि परिपक्व हुँदै गर्दा आइपर्ने झमेलाहरु के-कस्ता हुन्छन् ? यस्ता समस्याबाट बच्न के-कस्ता उपाय अपनाउन सकिन्छ ? भन्ने बारेमा आफ्ना बालबालिकालाई समयमा नै सिकाउनु जरुरी छ ।

**कुन उमेरमा यौन शिक्षा दिनु उचित हुन्छ ?**

जब मान्छे यौनको लागि परिपक्व बन्न थाल्छ । त्यसपछि बिस्तारै मान्छेमा यससम्बन्धी शिक्षाको आवश्यकता पर्छ । यौन शिक्षा भनेको यौन क्रियाकलाप होइन । यसमा प्रजनन्, मान्छेमा हुने यौन समस्याजस्ता विषय समेट्ने गरिन्छ ।

**बालबच्चासँग कसरी यौनको कुरा गर्ने ?**

भनिन्छ, सामान्यतया छोराछोरीहरु किशोरावस्थामा पुगेपछि आमाले छोरीसँग र बाबुले छोरासँग साथीको जस्तै व्यवहार गर्नुपर्छ । यौनको विषयमा छोराछोरीसँग कसरी प्रस्तुत हुने भन्ने कुरा आम समस्याको विषय हो । यौनको कुरा गर्दा लिंगअनुसार फरक व्यवहार हुन्छ । सामान्यतया ११-१२ वर्षको उमेरमा मान्छेमा धेरै परिवर्तन हुन्छ । त्यसैले उनीहरुसँग साथीको जस्तै व्यवहार गरेपछि उनीहरुले पनि आफ्नो समस्या सुनाउँछन् र त्यही अनुसार समाधानको उपाय खोजी गर्न सकिन्छ ।

**बालबच्चालाई यौनका कुन-कुन पक्षको जानकारी हुनु जरुरी छ ?**

विशेषगरी यौन दुर्व्यवहार के हो ? यौन स्वास्थ्यमा ध्यान दिनुपर्ने कुरा के-के हुन् ? मान्छे यौनमा कसरी परिपक्व बन्छ ? यौनसम्बन्धी कानूनी पाटो के-के हुन्छ ? छोरालाई महिलाप्रति कसरी जिम्मेवार बन्ने भन्ने कुरा सिकाउनु जरुरी छ ।

**साहित्य**

कविता

# भौतिक शास्त्र तिमी महान् छौ



**सन्तोष भण्डारी**

तिम्रै कारण त हो ताराहरु चम्केको
चन्द्रमाको आकार घट्ने र बढ्ने भएको
सूर्यले ताप अनि प्रकाश छरेको
पृथ्वी सूर्यको अनि चन्द्रमा पृथ्वीको वरिपरि घुमेको
यसर्थमा तिमी महान् छौ, अत्ति महान् ।

स्पर्श, स्वाद, बास्ना, दृष्टि, श्रवण
रक्तनलीमा रगतको बहन
फदयको लयवद्ध संकुचन र विश्राम
श्वास-प्रश्वास प्रणाली
तिमीले गर्दा त हो सम्भव भएको
यसैले त म भन्छु फिजिक्स् तिमी महान् छौ, अत्ति महान् ।

तिमी भएर त ढुक्क छन्
आर्थिक आभावले छोरालाई खाडी पठाउने पल्लाघरे काकी
अनि अध्ययनलाई अमेरिका, अस्ट्रेलिया पठाउने अभिभावक
यसर्थ त कत्ति खेद छैन भन्नलाई
फिजिक्स् तिमी महान् छौ, अत्ति महान् ।

निलो आकाश, इन्द्रेणीको रंग
अण्ड, पिण्ड, सम्पूर्ण ब्रह्माण्ड अनि यावत् तरङ्ग
करोडौंका नयन लाखौंका कान
अनि कत्तिको फदयको धड्कन भएर
क्रियाशील तिमी, महान् छौ, अत्ति महान्।

स्पुतनिक, चंद्रयान यावत् उपग्रहहरु
अन्तरिक्षमा पुर्याउने अन्तरिक्ष यान
म चढेर हिँड्ने थोत्रो मोटरसाइकल
त्यसका दायाँ र बायाँपट्टिका लुकिङ ग्लास
डिस्क ब्रेक, गियर, इन्जिन, स्पिडोमिटर सब तिमी नै त हौ
यसैले भौतिक शास्त्र, तिमी महान् छौ, अत्ति महान् ।

म स्वयम् आफूलाई हेर्न, तिमी चाहिन्छौ
हजुरहरुले मलाई देख्न पनि, तिमी नै चाहिन्छौ
तिमीबिना न म तपाईंलाई देख्छु
न त तपाईंहरु मलाई नै देख्नुहुन्छ
यसर्थ त भौतिक शास्त्र तिमी महान् छौ, अत्ति महान् ।

म बोलिरहेको माइक्रोफोन
यससँग जडित वायर
अनि वायर गएर जोडिएको एम्पिृलायर
एम्पिृलायरसँगै जडान गरिएको स्पिकर
यो पनि त तिम्रै योगदान त हो
यसैले त भन्ने गर्छु फिजिक्स् तिमी महान् छौ, अत्ति महान् ।

चुट्किमै करोडौंको हिसाब गर्ने क्याल्कुलेटर
क्वान्टम कम्प्युटर, एआई, सुपर कम्प्युटर
अन्जान ठाउँको यात्राको सहयात्री जिपिएस
छिनभर पनि तपाईंले छोड्न नसक्ने सेलफोन
सबै भौतिक शास्त्र नै त हुन्, भौतिक शास्त्र
यसर्थ त भौतिक शास्त्र तिमी महान् छौ, अत्ति महान् ।


कहाँबाट सुरु हुन्थ्यो सूक्ष्म विज्ञान
कसले गर्दथ्यो काला छिद्रहरुको अनुसन्धान
कसले वर्णन गर्ने थियो खगोल
कसरी बुझ्न सकिने भूगोल
यसैले त म भन्छु, फिजिक्स् तिमी महान् छौ,अत्ति महान्।

हलोदेखि हाइड्रोसम्म तिमी नै त हौ
सर्वशक्तिमान्, यत्रतत्र सर्वत्र तिमी नभएको ठाउँ कहाँ नै छ र ?
सुई र सियोदेखि सम्पूर्ण उपकरणको आत्मा तिमी
तिम्रै कारण त यी सब अस्तित्वमा छन्
सायद तिमी हुँदैनथ्यौ त यी सब निरर्थक हुन्थे
यसर्थ त फिजिक्स् तिमी महान् छौ, अत्ति महान् ।

डाक्टरको घाँटीमा झुन्डिएको देख्दा
सिस्टरले स्फेगमोम्यानोमिटरको पम्प प्रेस गर्दैगर्दा
ल्याब टेक्निसियनले मेडिकल रिपोर्ट तयार गर्दै गर्दा
इन्जिनियरको वरिपरि यत्रतत्र सर्वत्र तिमीलाई देख्दा
लाग्छ भौतिक शास्त्र तिमी महान् छौ, अत्ति महान् ।

परमाणुको गतिज उर्जाको योगफल
कार्यक्षमता, परमाणुको कम्पन
गति, बल, तापक्रम, कार्य, शक्ति
प्रकाश, विद्युत, चुम्बक अनि सम्पूर्ण मापन
सबै भौतिक शास्त्र नै त हुन्
यसर्थ किमार्थ खेद छैन भन्नलाई
भौतिक शास्त्र तिमी महान् छौ, अत्ति महान् ।

**चित्रकला**





**दिपाशना थापा**
जी.एस. निकेतन मा.वि. हेटौंडा

**गर्भावस्थामा योग**

# कुन घातक कुन फाइदाजनक ?



शारीरिक स्वास्थ्य एवं निरोगी जीवनको लागि योग सर्वोत्तम उपाय हो । रोग लागेर उपचार गर्नुभन्दा रोग लाग्न नदिन योगले सहयोग गर्छ । दीर्घजीवन स्वास्थ्य र तन्दुरुस्तीको लागि निर्विकल्प विधि पनि हो, योग । तर, सबै अवस्थामा सबै किसिमका योग गर्न प्रभावकारी नहुने मात्रै होइन, हानिकारक पनि हुन सक्छ । जस्तै, गर्भावस्था ।

गर्भावस्थामा सबैकिसिमका योग गर्न उचित मानिँदैन । जबकि, कतिपय यस्ता योगासन हुन्छन्, जो गर्भावस्थामा अत्यन्त लाभदायक मानिन्छ । के-के हुन् ती योगासन् ? पतञ्जलि योगपीठका योग गुरु लोकनाथ खनाल गर्भावस्था र महिनावारीको बेलामा गर्न हुने र नहुने योगको बारेमा यसरी बताउँछन् ।

योग सामान्यतया सबै मान्छेको लागि अत्यावश्यक शारीरिक व्यायाम हो । तर, गर्भावस्थामा रहेकी महिला र महिनावारी भएकी महिलालाई केही योगासन नगर्न सुझाव दिइन्छ । जस्तो, मान्छेको उमेर, लिंग र शारीरिक अवस्था अनुसार फरक फरक योगासन उपयुक्त हुन्छ । गर्भवती महिलाको लागि पनि केही योगासनहरु तोकिएको हुन्छ, जसले गर्भावस्थामा आमा र बच्चाको लागि फाइदा गर्छ ।

गर्भावस्थामा केही सूक्ष्म व्यायामहरु गर्न सकिन्छ । सूक्ष्म व्यायामसँगै भस्त्रिका र अनुलोम विलोम गर्न मिल्छ । यसबाहेक जटिल खालका योगासनहरु गर्न मिल्दैन । त्यसो त अरू अभ्यासहरु पनि गर्नै नमिल्ने भने होइन । तर यसको लागि कुशल प्रशिक्षकको सुझाव लिनुपर्ने हुन्छ । यसमा सानो गल्तीले पनि ठूलो नोक्सानी हुन सक्ने भएकोले प्रशिक्षक विना गर्भवतीले धेरै जटिल योगासनहरु गर्न हुँदैन । सामान्यतया, गर्भावस्थाको ३ महिनासम्म अरू बेलामा जस्तै योग गर्न सकिन्छ । तर तेस्रो महिनापछि भने यसमा ध्यान दिनुपर्छ । त्यसपछि धेरै उफ्रिने खालका योग अभ्यासहरु गर्नुहुँदैन । चक्रासन लगायतका आसन त गर्नै हुँदैन ।

**गर्भावस्थामा मर्निङवाक गर्ने कि नगर्ने ?**

गर्भावस्थामा मर्निङ वाक गर्नु आमा र बच्चाको लागि उपयुक्त हुन्छ । गर्भावस्थामा नियमित गर्ने प्राणायमले नर्भल डेलिभरीलाई फाइदा गर्छ । तर यसलाई अनियमित गर्दा उचित फाइदा हुँदैन । यसको लागि फुर्सद भएसम्म बिहान र साँझ आधा-आधा घण्टा अनुलोम-विलोम गर्न सकिन्छ । दैनिक मर्निङवाक कति घण्टा गर्ने भन्ने कुरा आफ्नो शारीरिक क्षमता अनुसार निर्धारण हुन्छ । गर्भावस्थामा गरिने प्राणायामले आमा र बच्चा दुवैको स्वास्थ्यमा पनि फाइदा गर्छ ।

**सुत्केरी भएपछि के गर्ने ?**

सुत्केरी भएपछि केही महिना जटिल खालका योगासन गर्नै मिल्दैन । यदि सामान्य अवस्थामा सुत्केरी भएको हो भने पनि ३/४ महिनासम्म अनुलोम बिलोम र प्राणायामबाहेक कुनै पनि योगासन गर्नु हुँदैन । अप्रेसन गरेको हकमा भने कम्तीमा ६ महिनासम्म योग गर्न मिल्दैन ।

**महिनावारीको समस्या समाधान गर्न योग**

कतिपय महिनावारीको समस्या योगबाट पनि समाधान भएको भेटिएको छ । जस्तो महिनावारीको बेलामा धेरै पेट दुख्ने, महिनावारी नियमित नहुने जस्ता समस्याको लागि केही आसन तोकिएको छ । तर महिनावारी भएको ४/५ दिनसम्म भने कपालभाती र अन्य उफ्रिएर गर्ने योग गर्नु हुँदैन । यस्तो योग सकेसम्म आमा भइसकेका कसैले पनि गर्नु हुँदैन । नियमित रक्तस्राव भइरहेको छ भने रक्तस्राब नरोकिँदासम्म उफ्रिएर गर्ने योग गर्न हुँदैन ।

त्यस्तै, नियमित महिनावारी नहुने समस्या पनि योगको माध्यम रोकिएको केही उदाहरण भेटिएको छ । नियमित महिनावारी नभएका महिलाहरुले कपालभाँती, अनुलोम-बिलोम र सूर्य नमस्कार नियमित गर्दा यसले पनि अनियमित महिनावारीको समस्या समाधान गर्छ । महिलाहरूले गर्नुपर्ने अर्को योग मुद्रा भनेको अश्विनी मुद्रा पनि हो । मलद्वारलाई खुम्च्याउने छोड्ने यो प्रक्रियाले पनि स्वास्थ्यमा फाइदा गर्छ ।

# ह्याकरको निशानामा सरकारी पोर्टल, जोखिममा डिजिटल सम्पत्ति

काठमाडौं/नेपाल सरकारले सेवा दिन खोलेका वेबपोर्टल र अनलाइन प्रणालीहरूको सुरक्षा हालत कस्तो छ भन्ने थाहा पाउन तलका केही उदाहरण हेरे पुग्छ । जसले यो सेवा कतिसम्म कामचलाउ अवस्थामा छ भन्ने देखाउँछ । ८ असार २०८० मा सरकारी वेबसाइट तथा अनलाइन प्रणालीहरू अवरुद्ध (डाउन) हुँदा झन्डै एक दर्जन यात्रु आफ्नो गन्तव्यतर्फ जानबाट वञ्चित भए । अनलाइन सेवा अवरुद्ध हुँदा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको अध्यागमन कार्यालयको कामकारबाही समेत प्रभावित भयो ।

१ पुस २०८१ मा जल तथा मौसम विज्ञान विभागको मौसम पूर्वानुमान महाशाखाको वेबसाइट ह्याक भयो। महाशाखाले मौसमी गतिविधिको जानकारी दिने गर्दछ । तर वेबसाइट ह्याक भएपछि महाशाखाको वेबसाइटबाट सिधै मौसमसम्बन्धी जानकारी लिन नसकिने स्थिति पैदा भयो । १६ पुस २०८० मा सर्भरमा समस्या आउँदा देशैभरका अधिकांश सरकारी वेबसाइट बन्द भए । कारण देखाइयो अत्यधिक ट्राफिक भएकाले सरकारी वेबसाइटको डीएनएस सर्भरमा समस्या आयो । तर, राष्ट्रिय सूचना प्रविधि केन्द्रले भने 'वेबसाइटहरूमा कहींबाट आक्रमण भइरहेको तर कसैलाई थाहा नभएको' बतायो ।

१९ पुस २०८१ मा काठमाडौं महानगरपालिका बाहेक देशभरका अधिकांश स्थानीय तह (महानगरपालिका, उपमहानगर पालिका, नगरपालिका र गाउँपालिका) का वेबसाइट ह्याक भए । ह्याकरले बर्दियाको बाँसगढी नगरपालिकाको वेबसाइटबाट छिरेर देशभरका स्थानीय तहहरूले प्रकाशित गर्ने सूचना, जानकारी सहित विभिन्न प्रशासनिक र सामाजिक सुरक्षाका सेवाहरू अवरुद्ध गरिदिए ।

भर्खरै १ फागुन २०८१ अर्थात् फेब्रुअरी १३ तारिखमा नेपालको डिजिटल संरचनामा तरङ्ग ल्याउने ठूलो साइबर हमला भयो । कोशी डट जीओभी डटएनपी डोमेन अन्तर्गत दर्ता भएका २१ सबडोमेन एकाएक ह्याकरको नियन्त्रणमा पुगे । आफूलाई 'वाईएनआर !' भनेर चिनाउने ह्याकर समूहले जोन-एच पोर्टलमा पोस्ट राख्दै वेबसाइट नियन्त्रणमा लिएको जानकारी दियो ।

प्रतिनिधिमूलक मात्रै भए पनि यी घटनाले सरकारी वेबसाइटको हालत बताउँछ । नेपाल सरकारका सबै सरकारी वेबसाइट (संघीय, प्रदेश, स्थानीय तह) पटक-पटक 'डाउन' हुनु र साइबर आक्रमणको निशानामा पर्नु नौलो होइन । किनकि 'जीओभी डट एनपी' अन्तर्गतका वेबसाइटहरू एकै संरचनामा बनेका छन् । यसको अर्थ ह्याकरले एउटाको डोमेनमा पहुँच पाउँदा अरू सरकारी मन्त्रालय, प्राधिकरण लगायत सम्पूर्ण संस्थान तथा विभागहरूको वेबसाइटमा एकै पटक हमला गर्ने अवसर पाउँछन् । यसकारण ह्याकरहरू महिनौंदेखि कुनै सरकारी वेबसाइटमाथि आँखा डुलाइरहेका हुन्छन् ।

पछिल्लो उदाहरण हो कोशी प्रदेशको कोशी डट जीओभी डट एनपी डोमेन अन्तर्गत दर्ता भएका २१ सरकारी सबडोमेन, जुन एकाएक साइबर ह्याकरको कब्जामा पुगे । आफूलाई 'वाईएनआर !' भनेर चिनाउने समूहले १ फागुन २०८१ मा जोन-एच पोर्टलमा एउटा पोस्ट राख्दै ती २१ वटै वन कार्यालयका वेबसाइटहरू नियन्त्रणमा लिएको जानकारी दिएको थियो । जसमा डिभिजन वन कार्यालय भोजपुर, धनकुटा, गाईघाट, खोटाङ, मोरङ, झापा, ओखलढुंगा, संखुवासभा, इलाम, सोलुखुम्बु, सुनसरी, पाँचथर, ताप्लेजुङ, तेह्रथुम, डिभिजन वन कार्यालय त्रिवेणी उदयपुर, वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र तर हरा, टुरिजम झापा डट जीओभी डट एनपी, टुरिजम धरान डट जीओभी डट एनपी थिए ।

त्यस्तै पर्यटन, वन तथा वातावरण मन्त्रालय, भू-तथा जलाधार व्यवस्थापन केन्द्र लगायत वेबसाइटहरू पनि ह्याकरको कब्जामा पुगेका छन् । यसरी ठूलो संख्यामा सरकारी वेबसाइटमाथि आक्रमण हुनुले नेपालको सार्वजनिक डिजिटल सम्पत्तिको सुरक्षाप्रति गम्भीर प्रश्न खडा गरिदिएको साइबर सुरक्षा मामिला अनुसन्धानकर्ता रिवश न्यौपाने बताउँछन् ।




उनी भन्छन्, 'यो घटनाले नेपाल सरकारको साइबर सुरक्षाको स्थिति, सुरक्षाका लागि अपनाइने उपाय अनि भविष्यमा आउने जोखिमबारे नजिकबाट नियालेर सोच्नुपर्ने बेला आएको छ ।' यसले नेपाल सरकारको साइबर सुरक्षाको वर्तमान स्थिति, सुरक्षात्मक उपाय तथा सम्भावित जोखिमबारे गहिरो समीक्षा आवश्यक देखिएको न्यौपानेको भनाइ छ । उनी भन्छन्, 'सरकारी वेबसाइटको यस्तो हालत हुँदा सरकारी डेटाहरू चोरी हुने नै भए । यस्तो अवस्थामा नागरिकको डिजिटल सम्पत्तिको दुरुपयोग हुने डर बढ्यो ।'

उनका भनाइमा, वाईएनआर समूहले सरकारी वेबसाइटमा आक्रमण गरेको एकपछि अर्को रेकर्ड छ । १५ र १६ पुस २०८१ मा लगातार दुई दिन नै यो समूहले गण्डकी, लुम्बिनी, बागमती लगायत प्रदेशका धेरै सरकारी पोर्टलहरूमा आक्रमण गरेको थियो । उनी भन्छन्, 'घटनाको स्वरूप हेर्दा नेपाल सरकारको डिजिटल संरचनालाई निरन्तर रूपमा लक्षित गर्ने संगठित समूह सक्रिय भएको अनुमान गर्न सकिन्छ ।'

यसरी नियमित आक्रमणले सरकारी डिजिटल सुरक्षामा गम्भीर कमजोरीको संकेत मात्रै नभई आउने दिनमा यसले ठूलो संकट ल्याउन सक्ने सम्भावना रहने उनको भनाइ छ । 'सरकारले बेलैमा यसबारेमा सोचेन भने ह्याकरका जुनसुकै समूहले जतिसुकै बेला ठूलो जोखिम निम्त्याउन सक्छ ।' उनको चेतावनी छ ।

### राष्ट्रिय पचरियपत्रको वेबसाइट पनि असुरक्षित

साइबर सुरक्षा अनुसन्धानकर्ता न्यापानेका अनुसार राष्ट्रिय परिचयपत्रको वेबसाइट पनि असुरक्षित रहेको बताउँछन् । उनी चेतावनीयुक्त भाषामा भन्छन्, 'राष्ट्रिय परिपयपत्रको वेबसाइट पनि विश्वास गर्न सकिदैन। किनकी राष्ट्रिय परिचयपत्रको वेबसाइटमा पर्सनली आइडेन्टिफाइङ इन्फरमेशन (पीआईआई) अर्थात नागरिकका व्यक्तिगत विवरणहरू सुरक्षित तरिकाले राखिएका छैनन् । यसमा धेरै केयर लेस (हेलचेक्र्याइ) गरिएको छ । उहाँहरूले जेनेरल डेटा प्रोटेक्शन थ्रु रेगुलेशन (जीडीएपीआर) लगायतका अन्तराष्ट्रिय मापदण्ड नै लागु गरेको देखिँदैन। यसले त ह्याकरले चाहेको बेला नागरिकका व्यक्तिगत विवरण चोर्न सक्नेछन् ।'

उनी अमेरिका, युरोप लगायतका देशहरूमा डेटा सुरक्षाका लागि अन्तराष्ट्रिय मापदण्डहरू बनाएजस्तै नेपाल सरकारले पनि मापदण्ड अनुसार आफ्नो आधरिकारिक वेबपोर्टलहरू बनाउँदा उपयुक्त हुने सुझाउँछन् । ' अमेरिकाले हिप्पा, युरोपले जीडीएपीआरलगायतका मापदण्ड अपनाइरहेका हुन्छन्। तर हाम्रोमा कुनै त्यस्तो मान्यतालाई लागु गरिएको देखिँदैन । अब सरकारले पनि कानुन बनाएर वेबसाइटका आधारभूत मान्यताहरू लागू गर्नु जरूरी देखिन्छ ।'

२०७४ को आम चुनावपछि बनेको केपी शर्मा ओली नेतृत्वको सरकारले नागरिक एप निर्माण गरेर प्रयोगमा ल्याएको थियो । सरकारले नागरिकको दैनिक सेवा प्रवाहसँग जोड्ने भन्दै व्यक्तिका सबै सरकारी परिचयपत्रहरु एकै ठाउँमा राख्न सक्ने गरी २ माघ २०७५ मा नागरिक एप सार्वजनिक गरेको थियो । जसमा प्रत्येक नागरिकको नागरिकता, राष्ट्रिय परिचयपत्र, राहदानी, स्थायी लेखा नम्बर, शैक्षिक योग्यताको प्रमाणपत्रसहितका विवरण राखिएका छन् ।

२०७८ सालमा ओली सरकारबाट बाहिरिएपछि बनेका अरु सरकारले यो एपलाई अपडेट राख्ने, सेवाहरु अन्तरआवद्ध गर्ने र एपलाई प्राविधिक रुपमा चुस्त राख्ने काम गरेनन् । अहिले फेरि केपी ओली प्रधानमन्त्री भएर आएपछि पनि नागरिक एपलाई प्रभावकारी बनाउन खोजिएको छ । तर नागरिकले आफ्ना विवरण भर्दा अनेक समस्या हुने गरेको छ ।

### "देशभरका सरकारी वेबसाइटमा १७५ पटक आक्रमण"

साइबर सुरक्षा विज्ञहरूका अनुसार सरकारी पोर्टलमा हमला हुनुका मुख्य कारण वेबसाइटको सुरक्षा कमजोरी नै हो । साइबर सुरक्षाविज्ञ रोशन पोखरेलका अनुसार, पटक-पटक सरकारी वेबसाइटहरू ह्याक हुनुको कारण कमजोर संरचना हो भने अर्को सरकारी कर्मचारीहरू प्राय: 'सोसल इन्जिनियरिङ' प्रति जागरूक नहुनु हो ।

'स्थानीय तहको वेबसाइट ह्याक हुनु, अहिले प्रदेशका वेब पोर्टलहरू ह्याकरको निशानामा पर्नुको एउटा कारण वेबसाइटको कमजोर संरचना हो' उनले भने, 'हाम्रा सरकारी वेबसाइटको सुरक्षा संरचना निकै नै कमजोर छन् । यसलाई भर्खरै सिक्दै गरेका सिकारु ह्याकरले पनि नियन्त्रणमा लिइदिन सक्छन् ।' पछिल्लो समयमा ह्याकरहरू व्यक्तिलाई प्रभावित पार्ने 'सोसल इन्जिनियरिङ टुल्स' प्रयोग गरेर पनि वेबसाइटहरूलाई निशानामा पारि रहेको उनको बुझाइ छ । यसप्रति सरकारी निकायका सम्बन्धित कर्मचारीहरू सचेत नहुँदा धेरै स्थानीय तहका वेबसाइटहरू ह्याक भएको उनी बताउँछन् । 'बाँसगढी लगायत देशभरका नगरपालिकाको वेबसाइट ह्याक हुनुको मुख्य कारण त सोसल इन्जिनियरिङ टुल्स रहेछ भन्ने पछि पुष्टि भयो । तर, सकारी नियकायले लुकाउन खोजे', पोखरेल भन्छन् ।

साइबर सुरक्षाविज्ञ विजय लिम्बू सबै सरकारी वेबसाइटको नियमित साइबर सुरक्षा सम्बन्धी अडिट नगर्दा पनि ह्याकरको निशानामा परिरहेको बताउँछन् । 'मुख्य कुरा सरकारी निकायले वेबसाइटलाई नियमित अडिट गर्ने संयन्त्र बनाउनु पर्‍यो । वार्षिक रूपमा वा मिल्छ भने ६/६ महिनामा अडिट गर्ने साइबर सुरक्षा विभाग बन्नुपर्‍यो' उनी भन्छन्, 'अनि कर्मचारीलाई साइबर सुरक्षा सम्बन्धी चेतना अनिवार्य रूपमा दिनुपर्‍यो ।' सरकारले हालै सरकारी वेबसाइट, डेटा र नेटवर्कको सुरक्षा गर्न जारी गरेको १०२ बुँदे 'एड्भाइजरी' निकै महत्वपूर्ण रहेको उनको भनाइ छ । डिजिटल पेमेन्ट लगायत गेटवेका लागि पनि सरकारले सुझाव कार्यान्वयन गर्ने गरी कदमहरू चाल्नुपर्ने अवस्था भइसकेको लिम्बूको सुझाव छ ।

त्यसैगरी सरकारी वेबसाइटमा एचटीटीपीएस प्रयोग नहुनु र एउटै कोर सिस्टम प्रयोग हुनु नै बढी जोखिम रहेको साइबर सेक्युरिटी अनुसन्धानकर्ता रिवस न्यौपानेको भनाइ छ ।

'कोशी प्रदेशका वेबसाइट सहित अधिकांश सरकारी वेबसाइटले एचटीटीपीएस प्रणाली प्रयोग नै गरेका छैनन्' उनी भन्छन्, 'यो प्रयोग नगर्दा म्यान इन द मिडल अट्याकको जोखिम बढी भयो । अझ सरकारी वेब पोर्टलमा एउटै कोर सिष्टम हुनु अनि एसएसएल सर्टिफिकेट तथा एचटीटीपीएसको प्रयोग नभएपछि यसबाट ह्याकरले सहजै वेबसाइटमा अनधिकृत पहुँच पुर्‍याएको देखियो ।'

यति मात्रै नभई कोशीका २१ वटै सबडोमेनमा एसएसएल सर्टिफिकेट प्रयोग नभएको उनको भनाइ छ । उनका भनाइमा, २०८० वैशाखयता मात्रै १७५ पटक सरकारी वेबपोर्टलमा आक्रमण भएको छ । यसमा संघ, प्रदेश र स्थानीय सरकारका पोर्टलहरू छन् । सूचनाप्रविधि विज्ञ मनोहर भट्टराई एउटा सरकारी कार्यालयले एकै किसिमको कन्टेन्ट म्यानेजमेन्ट सिस्टम (सीएमएस) र ब्याकइन्ड इन्फ्रास्ट्रक्चर प्रयोग गर्दा ह्याकरको निशानामा परिरहेको बताउँछन् । उनी भन्छन्, 'मैले पहिला पनि एचएलसीआईटीमा काम गर्दा सिस्टम त्यही थियो, अहिले पनि सरकारी वेबसाइटको कोर सिस्टम उही छ । तर, डिजिटल प्रविधिले दिन प्रतिदिन छलाङ मारिरहेको छ । अब यसले त लुप होल पक्कै खोज्छ ।'

उनी पुरानो सीएमएस, प्लगइन र थिममा सुरक्षाका अनेकौं कमजोरीहरूलाई अपडेट गर्नुपर्ने र घटनाको तत्काल सुनुवाइ गर्ने संयन्त्र सरकारी तवरबाट बनाउनुपर्ने सुझाव दिन्छन् । 'सरकारी निकायका वेबसाइटमा कुनै समस्या आएमा तत्काल इन्सिडेन्ट रेस्पोन्स प्लान गर्ने संयन्त्र नै छैन' उनी भन्छन्, 'त्यसकारण अब साइबर आक्रमणलाई कुशलतापूर्वक नियन्त्रण गर्न र पुन: प्राप्ति गर्न इन्सिडेन्ट रेस्पोन्स प्लान सुरुवात गर्नैपर्छ ।' उनका भनाइमा कोशी प्रदेश, बागमती प्रदेश वा संघकै सरकारी कार्यालयका वेबसाइटहरू डाउन हुँदा तत्काल किन रेस्पोन्स गरिएन ? किनकि हामीसँग यो योजना नै थिएन ।

### "अन्तर्राष्ट्रिय मान्यता पछ्याउनु जरुरी"

ह्याकरले वेबसाइटलाई नै ह्याक गरेर निशाना साधेपछि सरकारले अब भने साइबर सुरक्षामा केही तयारी थालेको छ । सरकारी वेबसाइट, डाटा र नेटवर्कको सुरक्षा गर्न सरकारले १०२ बुँदे 'एड्भाइजरी' जारी गरेको छ । साइबर सुरक्षा हेर्ने सरकारको आधिकारिक निकाय राष्ट्रिय साइबर सुरक्षा केन्द्रले यो एड्भाइजरी जारी गरेको हो । 'सरकारी कार्यालयको सूचनाप्रविधि प्रणालीलाई सुरक्षित राख्न तथा सम्भावित साइबर हमलाबाट जोगाउन तत्काल एड्भाइजरी ल्याउनु परेको राष्ट्रिय साइबर सुरक्षा केन्द्रका महानिर्देशक अनिलकुमार दत्त बताउँछन् । 'ह्याकरले सरकारी वेबसाइटलाई नै टार्गेट गर्ने र सूचना चोरी हुने लगायत समस्या देखिएपछि हामीले एड्भाइजरी जारी गरेका हौं', उनी भन्छन् ।

यो समस्याबाट बच्न टुल्सको रुपमा १०२ बुँदे 'एड्भाइजरी' जारी गरेको सरकारी निकायको दाबी छ । केन्द्रका भनाइमा, यसले सरकारी निकायलाई मात्रै होइन सर्वसाधारण नागरिकलाई पनि साइबर आक्रमणबाट कसरी जोगिने भनेर सिकाउने छ । महानिर्देशक दत्तका अनुसार, जारी गरिएको उक्त एड्भाइजरीमा सरकारी कार्यालयको वेबसाइट, एप्लिकेसन, सर्भर, नेटवर्क, डेस्कटप, ल्यापटप, मोबाइल उपकरण र सामाजिक सञ्जालको प्रयोगसँग सम्बन्धित विभिन्न सुरक्षात्मक उपायहरू समावेश छन् । सामान्य अज्ञानता वा लापरबाहीका कारण पनि ठूलो क्षति हुनसक्ने उनको चेतावनी छ । 'अहिले नागरिकले मात्रै होइन सरकारी कर्मचारीले समेत सामान्य प्रोटोकल फलो गरेको देखिएन । यो मनन गरेरै हामीले कर्मचारी र प्रयोगकर्तालाई जानकारी दिन पनि एड्भाइजरी ल्याएका हौं' उनी भन्छन्, 'यसले आउँदा दिनमा साइबर आक्रमण, फिसिङ, सोसल इन्जिनियरिङ, मालवेयर लगायतबाट बच्ने सम्भावना धेरै हुन्छ भन्ने अपेक्षा गरेका छौं ।'

सरकारी वेबसाइट वा एप्लिकेसनमा समस्या देखिंदा कुन व्यक्तिलाई सम्पर्क गर्ने भनेर 'फोकल पर्सन' तोक्न पनि केन्द्रले सबै मन्त्रालय, आयोग, विभागलाई पत्राचार गरिसकेको उनको भनाइ छ । समस्या परेपछि सरकारी निकाय पनि केही सजग देखिन थालेका छन् । संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका प्रवक्ता कालीप्रसाद पराजुलीले अब बन्ने स्थानीय तह, प्रदेश र संघको वेबसाइटमा अन्तर्राष्ट्रिय मान्यता प्राप्त र कोडिङ टेस्ट गरेर मात्रै पब्लिक डोमेन बनाउने तयारी भइरहेको बताए । उनले भने, 'अहिले धेरै नगरपालिकाको वेबसाइटमा ह्याकरले कब्जा जमायो । हामीले देशैभरका नगरपालिकाका वेबसाइटमा कोर सिस्टम फरक फरक बनाउन टेक्निकल टिमलाई भनेका छौं । हामी सूचनाप्रविधि विभाग र एकीकृत डेटा सेन्टरसँग समन्वय पनि गरिरहेका छौं ।'

एकीकृत डेटा व्यवस्थापन केन्द्रका कार्यालय प्रमुख मनीष भट्टराई स्थानीय तह, प्रदेश र संघका वेब संरचना विश्वव्यापी मान्यतामा आधारित रहेर बनाउने काम भइरहेको बताउँछन् । उनी भन्छन्, 'खासगरी ह्याकरले केही नगरपालिका तथा गाउँपालिकाका वेबसाइटहरू ह्याक गरेपछि हामीले नयाँ सिस्टम नै फरक-फरक ढंगले बनाउने तयारी गरिरहेका छौं । यसमा अन्तर्राष्ट्रिय मान्यता, एसएसएल अनिवार्य लगायत एड्भाइजरी टुल्सहरूको प्रयोग गर्न थालेका छौं ।'

तर, संघीय सरकारले नीतिगत रूपमा दिएका निर्देशनहरू स्थानीय, प्रदेश र स्वयं संघले पनि कार्यान्वयन गर्न ढिला गरिरहेको उनको गुनासो छ । उनका भनाइमा, स्थानीय तहका वेबसाइटहरू अब चाँडै नै केन्द्रीय सूचना प्रणाली अन्तर्गत बनाउनु जरूरी छ । नत्र यसले थप धेरै क्षति गराउन सक्छ । हामीले धेरैपटक छलफल गरेर सुझाव दिए पनि कार्यान्वयन अति नै सुस्त छ ।

उनी भन्छन्, 'यसबाट ह्याकर सहित साइबर अपराधमा संलग्नहरूलाई मौका भएको छ । अब पनि स्थानीय तह, प्रदेश र संघका संरचना बलियो हुने गरी केन्द्रीय सूचना प्रणालीमा आएनन् भने सरकारको डिजिटल सम्पत्तिमाथि ठूलै खतरा हुनसक्छ ।' उनका अनुसार स्थानीयदेखि संघसँग नागरिकका व्यक्तिगत विवरणहरू (जन्म, मृत्यु, बसाइसराइलगायत) डिजिटल रुपमा संग्रहित भएकाले ह्याकरले दुरूपयोग हुने सम्भावना बढी हुन्छ ।

संघीय संसद् पनि वेबसाइट डाउन हुने समस्याबाट पछुतो छैन । जीआईडीसीमै डोमेन भएकाले त्यहाँको सर्भर डाउन भए संसद्को वेबसाइट पनि अवरुद्ध हुने गरेको संसद् सचिवालयका सचिव एकराम गिरी पनि स्वीकार गर्छन् । उनी भन्छन्, 'हामी पनि यही समस्याबाट प्रताडित छौं । पहिला धेरै भोगेका हौं । अहिले अलिक कम भएको छ । तर मारमा भने पक्कै छौं ।'

*(स्रोत: अनलाइनखबर)*

# 'होस्टेल ३' ट्रेलरमा मित्रता, प्रेम र षड्यन्त्रको कथा



काठमाडौं/अनमोल केसी, सलोन बस्नेत, गौरव पहारी, सुशील श्रेष्ठ, स्वस्तिमा खड्का, नाजिर हुसेन, प्रकृति श्रेष्ठ जस्ता कलाकारलाई डेब्युको अवसर दिएको 'होस्टेल' फ्रेन्चाइजको तेस्रो श्रृंखलाको रुपमा निर्माण भएको फिल्म 'होस्टेल ३'को ट्रेलर सार्वजनिक गरिएको छ । शुक्रबार काठमाडौंमा एक कार्यक्रमका बीच सार्वजनिक ३ मिनेट लम्बाईको ट्रेलरले फिल्मको कथावस्तुबारे जानकारी गराउँछ ।

अभिनेता प्रवीण खतिवडाको 'भ्वाइस ओभर'बाट सुरु भएको ट्रेलरले कलेज र होस्टेल जीवनको रमाइलो पक्ष देखाउँदै प्रेम, द्वन्द्व, त्याग, सैर्ष र षड्यन्त्रको कथा पेस गरेको छ । कमेडी मिश्रित ट्रेलरले फिल्मको कथा अभिनेता पारस बम ठकुरी (कुल ब्वाय)मा केन्द्रित रहेको प्रष्ट पार्छ । उनीबाटै ट्रेलरको सुरुवात र अन्त्य भएको छ ।

सशान कँडेलको निर्देशनमा बनेको फिल्ममा पारससहित रिहान गिरि, आशिष घिमिरे, पदम तामाङ, सिम्रन पन्त, हेना नगरकोटी, समा पराजुली, उमर खान, सन्तोष बानियाँ, रोहन श्रेष्ठ, आशिष पुरुष लगायतको अभिनय छ । यही फागुन २३ गतेबाट प्रदर्शनमा आउने तयारीमा रहेको फिल्ममा निर्देशक कँडेल स्वयंको कथा र माधव शर्माको पटकथा तथा संवाद छ ।

सम्मान इन्टरटेनमेन्ट र आरोन कन फिल्म्सले निर्माणमा सहकार्य गरेको फिल्मका निर्माताहरु सुरेश कँडेल, कर्ण कार्की र गोविन्द अधिकारी हुन् भने कार्यकारी निर्मातामा शङ्कर कोइराला छन् । सह-निर्माताहरु शिशिर ज्ञवाली, कुन्दन गुप्ता र अनीश सिग्देल हुन् । अर्जुन तिवारीको डिओपी, बुद्ध थापा र मनोज खत्रीको सिनेमाटोग्राफी, हिमाल केसीको द्वन्द्व र विकास दाहालको सम्पादन छ ।

# १३ वर्षपछि फिल्म गर्दै उत्तम, 'कल्ली'का लागि आइपुगे नेपाल



काठमाडौं/'दर्पण छायाँ' फेम्ड अभिनेता उत्तम प्रधान आफ्नो कमब्याक फिल्म 'कल्ली'को छायांकनका लागि काठमाडौं आइपुगेका छन् । परिवारसहित भारतको सिक्किममा बस्दै आएका उनी बिहीबार बिहान काठमाडौं ओर्लिएका हुन् । उनलाई फिल्मका प्रस्तुतकर्ता किरण नेपालीले त्रिभुवन विमानस्थलमा स्वागत गरेका थिए । फिल्मको छायांकनका लागि उत्तम ३५ दिनसम्म नेपालमा रहनेछन् ।

लक्ष्मण सुनारको निर्देशनमा बन्न लागेको 'कल्ली'बाट उत्तमले १३ वर्षपछि अभिनयमा कमब्याक गर्न लागेका हुन् । उनी पछिल्लो पटक सन् २०१२ मा रिलिज भएको फिल्म 'इशारा'मा देखिएका थिए । उनले लामो समयपछि फिल्ममा काम गर्न आफू उत्साहित रहेको बताएका छन् । फिल्ममा उनको भूमिकाको बारेमा भने जानकारी गराइएको छैन ।

लेकाली इन्टरटेन्मेन्ट र कस्तुरी प्रोडक्सनको व्यानरमा बन्न लागेको फिल्ममा निर्देशक सुनार स्वयंको कथा छ । हिमाल कडरिया र अमलादेवी राई फिल्मका निर्माता हुन् । यसमा सरोज नेपाली कार्यकारी निर्माताको रुपमा रहेका छन् ।

शनिबारबाट छायांकन सुरु हुन लागेको फिल्ममा उत्तमसहित सौगात मल्ल, अर्पण थापा, बेनिशा हमाल, वर्षा राउत, नाजिर हुसेन, विनोद न्यौपाने, रेयर राई, प्रियना आचार्य, बेगम नेपाली (भटभटे माइला) लगायतको अभिनय रहनेछ । महेश दवाडीको पटकथा तथा संवाद लेखन रहेको फिल्मलाई निसाल पौडेलले छायांकन गर्नेछन् । यो फिल्म पौराणिक कथामा बन्ने जनाइएको छ ।

# हरिवंशमा केन्द्रित 'भूठान' टिजर रिलिज



काठमाडौं/'बुलबुल' फेम्ड निर्देशक विनोद पौडेलको दोस्रो फिल्म 'भूठान : घर हराएको मान्छे'को टिजर सार्वजनिक गरिएको छ । करिब २ मिनेट लामो टिजरले फिल्मको कथावस्तुबारे प्रकाश पार्छ । अभिनेता हरिवंश आचार्यमा केन्द्रित रहेको टिजरले आफनो देश भुटान फर्कन खोजेको एक पात्रको कथा भन्छ । हरिवंश भुटानी आप्रवासीको भूमिकामा प्रस्तुत छन् । उनको अभिनय सशक्त देखिन्छ ।

टिजरको अन्तिम दुई दृश्य अर्थपूर्ण छन् । एक दृश्यमा हरिवंश बाथरुममा नग्न अवस्थामा छन् । यद्यपि, उनको अनुहार देखाइएको छैन । यसले उनको पात्र मानसिक रुपमा विक्षिप्त रहेको दर्शाउँछ । अर्को दृश्यमा चर्चका पास्टरले हरिवंशलाई पानीमा डुबाएर निकाल्दै भनेका छन्, 'तिम्रो पुर्नजन्म भयो ।' यी दुई दृश्यले फिल्मको कथावस्तु गम्भीर रहेको जनाउँछ ।

टिजरमा फिल्मका मुख्य कलाकारहरु दयाहाङ राई, जोयश पाण्डे, पूजा चन्द, ऋचा घिमिरे, हलिउड अभिनेता ब्रूस डर्न लगायत पनि प्रस्तुत छन् । अनुराधा मजुमदार, अदिति प्याकुरेल, टम क्रेन र विमल सुवेदीको पनि अभिनय रहेको फिल्मको अंग्रेजीमा 'द वर्ल्डस् ह्याप्पिएस्ट म्यान' नाम राखिएको छ । अमेरिकामा छायांकन भएको फिल्मको निर्मातामा अविरल थापा, राजेन्द्र ठकुराठी, अमिताव जोशी, सुशांक मैनाली र किर्तना बाँस्कोटा छन् ।

आगामी बैशाख १२ गतेबाट प्रदर्शनमा आउन लागेको फिल्ममा सुसन प्रजापतिको छायांकन, अन्जय खड्काको सम्पादन, सम्बरन प्रेथु राईको संगीत तथा अन्जन गजुरेलको कला निर्देशन छ । भुटानदेखि नेपाल र अहिले अमेरिकामा रहेका भुटानीहरुको देशप्रेम र थातथलो छोडेर विदेशी भूमिमा बस्नुपर्दा आफनो जन्मघर हराएको आप्रवासीको पीडालाई फिल्मले प्रस्तुत गर्ने जनाइएको छ ।

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?
Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark
टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।
Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

# सुनगाभा शिक्षा निकेतनले मनायो अभिभावक भेला



साझाकुरा संवाददाता

हेटौंडा, ९ फागुन/ हेटौंडा-६ चौघडामा रहेको सुनगाभा शिक्षानिकेतन ईङलिस स्कूलको २५ औं अभिभावक भेला तथा विविध सांस्कृतिक कार्यक्रम शुक्रबार सम्पन्न भएको छ ।

भेलामा विद्यालयका अध्यक्ष रामहरि न्यौपानेले संस्थागत प्रतिवेदन र प्रिन्सिपल अरुणकुमार पराजुलीले शैक्षिक प्रतिवेदन पेश गरेका थिए । हेटोडा उपमहानगर पालिका-६ का वडाअध्यक्ष विष्णुबहादुर दाहालको प्रमुख आतिथ्यता एवम् विद्यालयका अध्यक्ष न्यौपानेको सभाध्यक्षतामा भेला भएको हो । कार्यक्रममा विभिन्न विधाका उत्कृष्ट शिक्षक, शिक्षिका, विद्यार्थी, अभिभावकलगायतलाई पुरस्कृत गरिएको थियो ।

कार्यक्रममा हेटौंडा-६ का वडासदस्य लेखराज ढकाल, सरिता सापकोटा, राष्ट्रिय सहकारी बैंक हेटौंडाका प्रमुख रामेश्वर अर्याल, शिक्षाविद बद्रीबहादुर पाठक, विद्यालयका पूर्वअध्यक्ष हिमाल पौडेल, शिक्षक अभिभावक संघका अध्यक्ष लक्ष्मीकुमारी कर्माचार्य, सहायक प्रिन्सिपल सुस्मिता न्यौपाने, बाल संजालकी अध्यक्ष आरोही गौतम, सञ्चारकर्मी भीमसेन पौडेल लगायतको आतिथ्यता रहेको थियो ।

कार्यक्रममा विद्यार्थीले सांस्कृतिक कार्यक्रम प्रस्तुत गरेका थिए । मकवानपुरको पूर्वीक्षेत्रको शैक्षिक गहनाको रुपमा रहेको विद्यालयमा करिव ७ सय विद्यार्थी अध्ययनरत रहेका छन् । शिक्षक शिक्षिका र कर्मचारी समेत ४२ जना कार्यरत रहेको विद्यालयले जनाएको छ ।

# घरको छतबाट खसेर अधिकारीको मृत्यु

साझाकुरा संवाददाता

हेटौंडा, ९ फागुन/ घरको छतबाट खस्दा हेटौंडा-५ सानोपोखरामा एकजना पुरुषको मृत्यु भएको छ ।

शुक्रवार बिहान हेटौंडा-५ स्थित सानोपोखराका हरि लामिछानेको घरमा केही दिनदेखि बस्दै आएका चितवनको कालिका नगरपालिका-६ खोलेसिमल बस्ने अन्दाजी ६० वर्षीय गोबिन्द अधिकारी घरको छतबाट खस्दा गम्भीर घाइते भएका थिए । उनको उपचारको क्रममा चितवन मेडिकल कलेजमा मृत्यु भएको प्रहरीले जनाएको छ । लामिछाने र मृतक अधिकारी साला भिनाजुको नाता पर्ने प्रहरीले उल्लेख गरेको छ ।

अधिकारी ३ तल्ले घरको छतमा बसिरहेको अबस्थामा अचानक छतबाट भुईमा खसेको प्रहरीले जनाएको छ । गम्भीर घाइते अधिकारीको हेटौंडामा उपचार सम्भव नभएपछि थप उपचारको लागि चितवन रिफर गरिएको थियो । घटनाको आवश्यक अनुसन्धान भइरहेको मकवानपुर प्रहरीप्रवक्ता प्रहरी नायवउपरीक्षक श्याम् अर्यालले जानकारी दिएका छन् ।

# राजस्व परामर्श समितिले थाल्यो काम, माग्यो सुझाव

काठमाडौं, ९ फागुन/ आगामी आर्थिक वर्ष २०८२/८३ को राजस्व नीति तर्जुमा गर्न राजस्व परामर्श समितिले काम थालेको छ । अर्थ मन्त्रालयका राजस्व सचिवको संयोजकत्वमा यस्तो समिति गठन गर्ने चलन छ । समितिले गठन गरेका विभिन्न उपसमितिले राजस्व नीतिका लागि राय/सुझाव माग्न सुरु गरेका छन् ।

सोहीक्रममा भन्सार उपसमितिले शुक्रबार सूचना प्रकाशित गर्दै फागुन मसान्तभित्र आउने गरी राय/सुझाव पठाउन भनेको हो । जसमा भन्सार सम्बन्धी ऐन/नियममा गरिनुपर्ने सुधार, भन्सार दर पुनरावलोकन, आन्तरिक उत्पादनलाई भन्सारका दरमार्फत संरक्षण गरिनुपर्ने देखिए त्यसको विश्लेषणमा समेत सुझाव मागिएको छ ।

भन्सार मूल्यांकन प्रणालीमा सुधार, प्रक्रियागत सरलीकरण र व्यापार सहजीकरण, भन्सार सम्बन्धी प्रशासन र संगठन संरचनामा सुधार, अवैध चोरी निकासी/पैठारी नियन्त्रण जस्ता विषयमा समेत सुझाव माग गरिएको छ ।

सरकारले आगामी आवका लागि १९ खर्ब रुपैयाँ हाराहारीको बजेट सिलिङ पाएको छ । राष्ट्रिय योजना आयोगले आगामी तीन आवको बजेट तर्जुमाका लागि बजेट सीमा, मध्यमकालीन खर्च संरचना खाका र राष्ट्रिय गौरवका आयोजनाको बहुवर्षीय स्रोत सुनिश्चितता बमोजिम आवश्यक रकम समेत उल्लेख गरी अर्थ मन्त्रालयमा बुझाएको छ । सोही अनुसार अर्थ मन्त्रालयका संयन्त्रले समेत बजेट निर्माणका प्रारम्भिक चरणका काम थालेका छन् ।

# युवालक्षित विभिन्न ६ प्रकारका सीपमूलक तालिम सुरु



साझाकुरा संवाददाता

हेटौंडा, ९ फागुन/ बागमती प्रदेश युवा परिषद्ले युवालक्षित विभिन्न ६ प्रकारका सीपमूलक तालिम दिन सुरु गरेको छ । युवा जनशक्तिलाई सीपविकास मार्फत् दक्ष बनाउने उद्देश्यले परिषद्ले तालिम दिन सुरु गरेको हो ।

हेटौंडामा शुक्रबारबाट सुरु भएको तालिमको प्रदेश युवा तथा खेलकुदमन्त्री मिनकृष्ण महर्जनले उद्घाटन गरेका हुन् । युवा सीपवर्ष अन्तर्गत सञ्चालित तालिमको उद्घाटन समारोहलाई सम्बोधन गर्दै मन्त्री महर्जनले युवाशक्तिलाई देशमै स्वरोजगार बनाउन बागमती प्रदेश सरकारले यस्ता तालिमको आयोजना गरेको बताए ।

नेपालका सातै प्रदेशमध्ये बागमती प्रदेशले मात्रै युवालक्षित कार्यक्रम ल्याएको उनको दाबी छ । 'विदेशिंदै गरेको युवा जनशक्तिलाई सक्षम बनाउन यस्ता तालिमले मद्दत पुग्ने' उनले बताए । खेलकुद क्षेत्रलाई चलायमान बनाउन यसभन्दा अगाडिको सरकारले आवश्यक बजेट विनियोजन नगरेको भन्दै मन्त्री महर्जनले गुनासो गरे ।

प्रदेश युवा परिषद्का कार्यकारी उपाध्यक्ष सन्तोष चौंलागाईले सीपवर्षमा ७/८ हजार युवा जनशक्तिलाई स्वरोजगारमूलक तालिम प्रदान गरी सीपयुक्त युवा उत्पादन गर्ने लक्ष्य रहेको बताए । सूचना र समन्वयको अभावले युवा र सरकारबीच दूरी बढ्दै गएको उनको भनाई छ ।

३९० घण्टे र १६० घण्टे नि:शुल्क तालिम अन्तर्गत बिल्डिङ ईलेक्ट्रिसियनमा २० जना, कुक तालिममा ४० जना, मन्टेश्वरीमा ८० जना सहभागी रहेका छन् । यस्तै, बारिष्ठा अर्थात् कफि बनाउने तालिममा ६५ जना, ब्यूटीसियनमा ८० जना र वेटर विधामा २० युवा सहभागी रहेको प्रदेश युवा परिषद्ले जनाएको छ ।

तालिम उद्घाटन कार्यक्रममा पूर्वमन्त्री एवम् प्रदेशसभा सदस्य एकालाल श्रेष्ठ, हेटौडा उपमहानगरपालिका-४ का अध्यक्ष नबीन सिग्देल, नेपाल पत्रकार महासंघ बागमती प्रदेश अध्यक्ष कृष्ण सारुमगर, जिल्ला अध्यक्ष बालकृष्ण अधिकारी, मकवानपुर उद्योग वाणिज्य संघका उपाध्यक्ष उज्जल चौलागाईं, गैसस महासंघ मकवानपुर की अध्यक्ष रमिला सापकोटालगायतले मन्तव्य राखेका थिए ।

# जंगीअड्डाको नजरमा यस्ता छन् देशका सुरक्षा चुनौती

काठमाडौं, ९ फागुन/ नेपाली सेनाले मुलुकमा तत्काल गम्भीर प्रकृतिको सुरक्षा चुनौती नरहे पनि बदलिँदो क्षेत्रीय र अन्तर र्राष्ट्रिय भूराजनीतिक परिस्थितिका कारण चनाखो रहनुपर्ने विश्लेषण गरेको छ । नेपाली सेनाको जंगीअड्डामा दुई दिनसम्म चलेको पृतनापति समन्वयात्मक बैठकमा सहभागी जनरलहरूले तत्काल आन्तरिक सुरक्षामा 'ठूलो' चुनौती नरहे पनि बदलिँदो भूराजनीतिक परिस्थितिले ल्याउन सक्ने समस्यातर्फ सचेत रहनुपर्ने निष्कर्ष निकालेका हुन् ।

सम्मेलनमा प्रधानसेनापति अशोकराज सिग्देलले विश्व सुरक्षा परिस्थिति बहुआयामिक दृष्टिकोणले थप संवेदनशील, जटिल र अन्यौलपूर्ण बन्दै गएको टिप्पणी गरेका छन् । विशेषत: अमेरिकामा राष्ट्रपतिका रूपमा डोनाल्ड ट्रम्प निर्वाचित भएसँगै उनले लिएको नीतिका कारण विभिन्न राष्ट्रहरू प्रभावित सन्दर्भतर्फ संकेत गर्दै उनले यस्तो टिप्पणी गरेका हुन् ।

'ट्रम्पको आगमनपछि अमेरिकाको आर्थिक सहायता सम्बन्धी निकाय यूएसएआईडी बन्द भएको छ, लामो विवादपछि अघि बढेको अमेरिकी सहायता परियोजना एमसीसी पनि रोकिएको छ', सेनाका एक वरिष्ठ अधिकारीले संचारकर्मीसँग भने, 'यस्तोमा सामाजिक र आर्थिक रूपमा मुलुकको विभिन्न क्षेत्रमा असर पुग्ने निश्चित छ, त्यसको गम्भीर समीक्षा गरेर उपयुक्त रणनीति अपनाउनु पर्छ ।'

हालै अमेरिकामा खर्बपति एलन मस्क नेतृत्वको डिपार्टमेन्ट अफ गभर्मेन्ट इफिसियन्सी (डज) ले नेपालमा संघीयता शीर्षकमा आउने २० मिलियन अमेरिकी डलर (झण्डै दुई अर्ब ७६ करोड ६४ लाख नेपाली रुपैयाँ) र जैविक विविधता संरक्षण अन्तर्गत दिन लागिएको १९ मिलियन अमेरिकी डलर (झण्डै दुई अर्ब ६२ करोड ८१ लाख नेपाली रुपैयाँ) बराबरको सहयोग रोकेको छ । यसबारे अमेरिकी राष्ट्रपति ट्रम्प आफैंले प्रतिक्रिया दिँदै यसरी अनुदान दिनु 'ठगी' भएको भनेका छन् ।

'हालै छिमेकी मुलुक भारतका प्रधानमन्त्री नरेन्द्र मोदीले गरेको अमेरिका भ्रमणका कतिपय कुराबाट पनि थुप्रै संकेतहरू मिल्न





सक्छन्', एक सैन्य अधिकृतले विश्लेषण गरेका छन्, 'यस्तोमा क्षेत्रीय परिस्थितिमा थुप्रै बदलावका संकेतहरू देखिएका छन् ।' उनले ट्रम्प-मोदी संयुक्त पत्रकार सम्मेलनमा बंगलादेशबारे सोधिएको प्रश्नको जवाफ अमेरिकी राष्ट्रपति ट्रम्पले मोदीलाई दिन लगाएको प्रति संकेत गर्दै यस्तो बताएका छन् ।

यो स्थितिमा छिमेकी मुलुक र शक्ति राष्ट्रहरूले लिने नीतिका कारण नेपालको राष्ट्रिय सुरक्षामा असर पार्ने नयाँ तत्व सिर्जना हुनसक्ने सैन्य अधिकारीहरूको विश्लेषण छ । 'यस्तोमा हाम्रो राष्ट्रिय हित हुने गरी रणनीति बनाउनुपर्ने छ, क्षेत्रीय गतिविधिलाई सुक्ष्म रूपमा विश्लेषण गरिरहनु पर्नेछ', ती अधिकृतले भने, 'यी विषयमा पृतनापति सम्मेलनमा गहन छलफल भएका छन् ।' जंगीअड्डाका एक सैन्य अधिकृतका अनुसार, एकातिर देशमा युवा जनशक्ति पलायन भइरहेको अवस्था र अर्कातिर बदलिँदो अन्तर्राष्ट्रिय परिवेशले देशमा आन्तरिक असन्तुलन फैलाउने तत्वले खेल्ने वातावरण बन्न सक्नेमा सचेत र हनुपर्ने समेत औंल्याइएको छ । 'त्यसले भोलिका दिनमा आन्तरिक सुरक्षामा ठूलो चुनौती ल्याउन सक्छ', ती अधिकृतले भने ।

प्रधानसेनापति सिग्देलले भने संविधानले दिएको जिम्मेवारी र राष्ट्रिय सुरक्षा नीतिले औंल्याएका अन्तरनिहित कार्य सम्पादन गर्न सेना प्रतिबद्ध रहेको भन्दै भविष्यमा आइपर्न सक्ने चुनौती सामना गर्न फरक रणनीति बनाइने बताएका छन् । उनले सुरक्षा संयन्त्रबीच समन्वयात्मक प्रणालीलाई समेत समायानुकूल विश्लेषण गरेर प्रभावकारी कदमहरू चाल्नुपर्ने बताए ।

सेनाले पहिल्यैदेखि राष्ट्रिय सुरक्षा चुनौतीलाई सामना गर्न 'होलिस्टिक सेक्यूरिटी एप्रोच' लिनुपर्ने भन्दै आएको छ । सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल र राष्ट्रिय अनुसन्धान विभागबीच समन्वय हुनुपर्ने विषयलाई जोड दिँदै सेनाले यस्तो प्रस्ताव अघि सार्ने गरेको छ । 'पछिल्लो परिस्थितिमा त्यसको आवश्यकता झनै बढेर गएको छ', ती अधिकृतले भने ।

**"पहिचानको मुद्दामा स्थानीयस्तरमै समाधान"**

सेनाका ८ जना पृतनापतिहरूले चाहिँ प्रदेशस्तरीय सुरक्षा चुनौतीसँगै भविष्यमा लिनुपर्ने रणनीतिबारे प्रस्तुतिकरण दिएका थिए । जंगीअड्डाका एक सैन्य अधिकृतका अनुसार, पृतनाका प्रमुख जनरलहरूले मुख्य गरी हाल मुलुकमा मुख्य पाँच सुरक्षा चुनौतीहरू रहेको विश्लेषण गरेका छन् ।

उनीहरूको नजरमा संवेदनशील भूराजनीति अवस्था पहिलो सुरक्षा चुनौती हो भने दोस्रोमा खुला सीमानाले सुरक्षा चुनौती बढाएको छ । 'विशेषत: दक्षिणी सीमा जोडिएका क्षेत्रमा खुला सीमाका कारण लागुऔषध, हतियार लगायतका तस्करी बढेका छन्', एक सहायक रथीले भने, 'तेस्रोमा जलवायु परिवर्तन र चौथोमा साइबर सुरक्षा मामलाले राष्ट्रिय सुरक्षामा चुनौती सिर्जना गरेको छ ।'

सैन्य अधिकृतहरूका अनुसार, आर्टिफिसियल इन्टलिजेन्स (एआई) समेत पछिल्लो समय राष्ट्रिय सुरक्षामा नयाँ चुनौतीका रूपमा देखा पर्न थालेको छ । यसबाहेक कहिलेकाहीँ धार्मिक तथा जातीय पहिचानको आधारमा हुने घटनाले पनि प्रदेशगत रूपमा चुनौती सिर्जना गर्नसक्ने जनरलहरूको विश्लेषण छ । 'पूर्वको पाथिभरामा केबलकार निमार्णको विषयमा विवाद भएको देखिए पनि यसको अन्तर्य प्रदेशको नामांकनसँग जोडिन्छ', एक अधिकारीले भने, 'यस्तोमा असन्तुष्टिहरूलाई वार्ता र संवादको माध्यमबाट स्थानीय स्तरमै हल गर्नुपर्छ ।' तत्काललाई यस्ता गतिविधिले राष्ट्रिय सुरक्षामै असर नगरे पनि त्यसलाई सही ढंगले व्यवस्थापन नगरिए चुनौती बन्नसक्ने अधिकृतहरूको विश्लेषण छ ।

'केही पहिचानवादीसँगै दुर्गा प्रसाईं नेतृत्वको समूहका गतिविधिलाई पनि हामीले हेरिरहेका छौं, तर तत्काललाई तिनबाट राष्ट्रिय सुरक्षामा त्यति धेरै खतरा देखिन्न', एक अधिकृतले भने । पृतनापति समन्वयात्मक सम्मेलनको उद्घाटन सत्रमा सहभागी रक्षामन्त्री मानवीर राईले भने सेना राष्ट्रसेवाप्रति प्रर्दशन गर्दै आएको दक्षताका कारण जनताको भरोसाका रूपमा स्थापित हुँदै आएको भन्दै बदलिँदो चुनौती सामना गर्न सक्षम रहेको बताएका थिए । 'ती विषयहरूमा सुक्ष्म अनुसन्धान र विश्लेषण गरिरहनु जरुरी छ', उनले भने ।

नेपाली सेनाका प्रवक्ता गौरवकुमार केसीले भने यो सम्मेलन सेनाको आन्तरिक र नियमित अन्तरक्रियाको माध्यम भएको बताए । 'यसमा देशभरिका पृतना र निर्देशनालयहरूबाट भएका गतिविधिबारे छलफल गरिन्छ, त्यसले भविष्यमा रणनीति बनाउन पनि सहयोग गर्छ', उनले भने, 'वर्षेनि दुई पटक पृतनापति समन्वयात्मक बैठक राखेर सेनाले समग्र रिभ्यू गर्दै आएको छ ।'

*(स्रोत: अनलाइनखबर)*

# देउवाले डाक्न छाडेपछि समूह फेर्न खुट्टा उचाल्दै यी नेता

काठमाडौं, ९ फागुन/ नेपाली कांग्रेसको केन्द्रीय समितिमा सभापति शेरबहादुर देउवासँग झण्डै ८२ प्रतिशत शक्ति छ । तर १४औं महाधिवेशनबाट प्राप्त यो शक्ति जोगाइराख्न देउवाको भूमिका शून्यप्राय: देखिन्छ । उनले आफ्नो समूहको बैठकसमेत डाक्न छोडेका छन् । कांग्रेसको विधानले आफूलाई तेस्रो पटक सभापति बन्न नदिने भएपछि देउवाले आफ्नै समूहका नेताहरुलाई समेत एक ढिक्का राख्न कुनै चासो नदिएको विश्लेषण पार्टीभित्र हुन थालेको छ ।

संस्थापन समूहलाई एकतावद्ध राख्न स्वयं देउवाकै रुचि नभएपछि नेताहरु तितरवितर हुन थालेका छन् । सभापति पदमा नयाँ व्यक्ति पुग्ने हुँदा नेताहरु महाधिवेशनलाई ध्यानमा राखेर समूह परिवर्तन गर्ने तरखरमा देखिन्छन् । कांग्रेस नेताहरुका अनुसार राजनीतिक भविष्य सुरक्षित हुने गरी समूह परिवर्तन गर्न नेताहरु लागेका छन् । देउवापछि संस्थापन पक्षका लागि 'सर्व स्वीकार्य' अर्को व्यक्ति नहुँदा नेताहरुले राजनीतिक जीवन सुरक्षित हुनेगरी समूह परिवर्तन गर्न लागेको चर्चा कांग्रेसमा छ । उक्त समूहमा रहेका शीर्ष नेताहरुमा एकले अर्कोप्रति विश्वास नगर्दा संस्थापन पक्षबाट सभापतिका आकांक्षी नै करिब आधा दर्जन देखिएका छन् ।

संस्थापन समूहबाट उपसभापति पूर्णबहादुर खड्का, पूर्वउपसभापतिद्वय विमलेन्द्र निधि र गोपालमान श्रेष्ठ सभापतिका दाबेदार हुन् । १४औं महाधिवेशनमा देउवालाई साथ दिएका पूर्व महामन्त्रीहरु प्रकाशमान सिंह, कृष्णप्रसाद सिटौला पनि संस्थापन समूहबाट सभापति पदमा आकांक्षी छन् । गत महाधिवेशनमा कुनै समूहमा नखुलेका पूर्वमहामन्त्री डा. शशांक कोइराला समेत सभापतिका आकांक्षी हुन् ।

करिब आधा दर्जन नेताले सभापतिमा दाबी गरे पनि आफ्नो समूहलाई मिलाउन सक्ने नेताको अभाव संस्थापनमा खड्किएको छ । त्यही अभाव हटाउन गत शुक्रबार ११ जना नेता देउवा निवास बुढानीलकण्ठ पुगेका थिए । १५औं महाधिवेशनमा संस्थापन पक्षबाट 'एकल उम्मेदवार' बनाउने चाहनाले सभापतिकहाँ पुगेका उनीहरुले देउवाबाट कुनै वचन भने पाएनन् । बुढानीलकण्डको बैठकमा पुगेका एक नेता भन्छन्, 'देउवापछि समूहको मूल नेतृत्वमा संकट छ । एकले अर्कोलाई विश्वास गर्दैनन् ।' कांग्रेस स्रोतका अनुसार सभापतिको दाबी गरिरहेका विमलेन्द्र निधि, प्रकाशमान सिंह र डा. शंशाक कोइरालाले बहाल रहेका उपसभापति पूर्णबहादुर खड्कासँग आगामी महाधिवेशनलाई लिएर सहकार्यको संवाद गरेका छैनन् । एउटै समूहमा रहेका खड्का र प्रवक्ता डा. प्रकाशशरण महतको सम्बन्ध समेत सहज नभएको कांग्रेस नेताहरु बताउँछन् ।

समूह भित्रै नेताहरुको मन विभाजित हुने संकेतले तेस्रो तहका नेताहरु समीकरण परिवर्तन गर्ने सोचमा पुगेका छन् । समूह परिवर्तन गर्नेहरुको चर्चामा पदाधिकारीहरुको नाम समेत छ । सह-महामन्त्रीद्वय महालक्ष्मी उपाध्याय 'डिना' र भीष्म आङ्देम्बेले संस्थापन पक्ष छोडेर नेता डा. शेखर कोइरालातिर झुकाव राखेको दाबी गर्नेहरु छन् । साथै, बालकृष्ण खाँण, एनपी साउद, मोहनबहादुर बस्नेत, प्रकाशशरण महत, डिला संग्रौला लगायतको नाम पनि समूह परिवर्तन गर्नेहरुको सूचीमा परेको छ ।

कोइराला निकट नेता देवराज चालिसे बजारमा आएका चर्चा स्वभाविक भएको बताउँछन् । उनी भन्छन्, 'सत्य हुनुभन्दा अघि त हल्लै चल्ने हो नि । आगो नबाली धुँवा देखिँदैन । बाहिरका हल्लालाई असत्य भन्ने आधार छैन ।' राजनीतिक भविष्य सुरक्षित राख्ने अभिलाषाले पार्टीका नेताहरु यताउता हुनुलाई चालिसे प्राकृतिक ठान्छन् ।

समूह परिवर्तन गर्नका लागि उनीहरुको व्यक्तिगत स्वार्थले काम गरेको कांग्रेसका एक केन्द्रीय सदस्यले सुनाए । उनले भने, 'सभापति देउवाको आडमा लाभ लिन सकिने अवस्थासम्म उनीहरु सँगै रहे । अब उनको पछि लागेर हुन्न भनेर पनि होला ।' देउवाको साथ छोड्नुको अभिप्रायलाई कांग्रेसमा फरक तरिकाले पनि विश्लेषण गरिएको छ । समूह परिवर्तनका लागि नाम चर्चामा रहेकाहरु मन्त्री भइसकेका वा सांसद नभएकाहरु छन् । साउद परराष्ट्र, महत अर्थ र बस्नेत स्वास्थ्यमन्त्री बनेका थिए । डिना, खाँण, संग्रौला सांसद पदमा छैनन् । संसदको यही अवधिमा एक कार्यकाल मन्त्री बनेकाहरु पुन: दोहोरिने अवस्था छैन ।

कांग्रेस र एमालेबीच देउवाले २०८३ को साउनमा सरकारको नेतृत्व गर्ने सहमति बनेको छ । देउवाले सरकारको नेतृत्व गर्दा त्यसबेला मन्त्रीको आशा नराख्नेहरुले गुट परिवर्तन गर्न लागेको संस्थापन पक्षका एक नेताले सुनाए । उनले भने, 'मन्त्री हुन पाइन्छ कि भन्ने आशा उनीहरुलाई अब छैन । मन्त्री हुने आशा भए देउवालाई छोड्ने थिएनन् ।'

कोइराला समूहमा देउवा पक्षबाट नेताहरु भित्रिएको संस्थापनइतरका नेताहरु दाबी गर्छन् । कोइराला सहभागी कार्यक्रममा अतिथिका रुपमा पूर्व परराष्ट्र मन्त्री साउदको सहभागिता बढ्न थालेको छ । ६ फागुनमा कोइरालालाई प्रमुख अतिथि रहेको कार्यक्रममा साउद सहभागी भएका थिए ।

नेपाल प्रेस युनियनले शाखा अध्यक्षहरुको राष्ट्रिय सम्मेलन राखेको थियो । त्यसको केही दिनअघि भक्तपुरमा राखिएको विचार गोष्ठीमा कोइरालासँगै साउद उपस्थित भएका थिए । 'राजनीतिका शिखर पुरुष गिरिजाप्रसाद कोइराला र वर्तमान राजनीति' विषयक विचार गोष्ठीमा साउद सहभागी थिए । कोइरालासँग नजिकिएको विषयमा प्रश्न गर्दा साउदले हो वा होइन, कुनै प्रतिक्रिया दिएनन् । उनले संचारकर्मीसँग भने, 'यो बारेमा अहिले केही बोल्दिनँ । पछि विस्तृत कुरा गरौंला ।'

*(स्रोत: अनलाइनखबर)*

**माघ १७ गतेदेखि सञ्चालनमा**


विर पुर्खा यातायात प्रा.लि.द्वारा संचालित ई.भि. हेटौंडा-फापरबारी हुँदै सिन्धुलीबाट चकमके तिन पाटनसम्म

**हेटौंडाबाट छुट्ने समय**
बिहान : ७:३० बजे
बिहान : १०:०० बजे
दिउँसो : १:३० बजे

**सिन्धुलीबाट छुट्ने समय**
बिहान: ९:०० बजे
दिउँसो : २:३० बजे
दिउँसो : १२:१५ बजे

**चकमकेबाट छुट्ने**
बिहान : ६:०० बजे
विहान : ९:०० बजे

**नोट :**
- घरदैलो सेवा, सिजर्भको व्यवस्था ।
- नयाँ मोडलको गाडीहरु ।
- प्रति यात्रु ५ लाखको बिमा गरिएको छ ।
- दक्ष तथा अनुभवी चालकहरु ।



"नयाँ गाडिको आरामदायी मज्जा लिन कतै छुट्नु होला नि !"

काउन्टर लोकेशन: कान्तिराजपथ साझा बस लाग्ने स्थान सँगै
सम्पर्क नं.:९८५४०४२८८०, ०५७-५२१६५५, ९७६७४९०४४०
सिन्धुली सम्पर्क नं.: ९७६७४९३०३२

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना